जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक २८ २०७९ साल फागुन १४ गते आइतवार (26 Feb 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** २१औं शताब्दीमा ... **पृष्ठ ३ मा :** दुर्घटनामा दुई बालिका, एक प्रहरी ... **पृष्ठ ४ मा :** ४० जिल्लामा ३० हजार हात्तीपाइलेका ... **पृष्ठ ५ मा :** आगलागिमा ३५ लाख ...

# राष्ट्रपतिका लागि पौडेल र नेम्वाङको उम्मेदवारी



**काठमाडौं**/फागुन २५ गते हुने राष्ट्रपति पदको निर्वाचनका लागि नेपाली कांग्रेसका तर्फबाट वरिष्ठ नेता रामचन्द्र पौडेल र नेकपा एमालेका तर्फबाट सुवासचन्द्र नेम्वाङले उम्मेदवारी दिएका छन्। राष्ट्रपतिका दुवै उम्मेदवार पूर्व सभामुख हुन्।

पौडेलको प्रस्तावकमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, नेकपा (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, जनता समाजवादी पार्टीका नेता अशोककुमार राई र जनमत पार्टीका नेता अब्दुल खान छन्।

यस्तै पौडेलको समर्थकमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्त ठाकुर, कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी र माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डे छन्।

वरिष्ठ नेता पौडेल गत मङ्सिर ४ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा तनहुँ-१ बाट फराकिलो मतान्तरले विजयी भएर छैटौं पटक संसद्मा प्रवेश गरेका थिए।

यस्तै एमाले उम्मेदवार नेम्वाङको समर्थनमा अरु कुनै पनि दल खुलेका छैनन्। एमाले नेताहरुले भने १० पुसमा भएको सहमतिअनुसार नै नेम्बाङलाई उम्मेदवार बनाएकाले त्यो बेला एक ठाउँमा भएका दलहरुको समर्थन पाउने विश्वास व्यक्त गरेका छन्।

नेम्वाङ गत मङ्सिरमा सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनमा इलाम क्षेत्र नं २ बाट निर्वाचित भएका थिए।

# राप्रपाका मन्त्रीद्वारा राजीनामा

**काठमाडौं**/सरकारमा सहभागी राष्ट्रिय प्रजातन्त्र पार्टीका मन्त्रीहरूले राजीनामा दिएका छन्। शनिबार प्रधानमन्त्री निवास बालुवाटारमा पुगेर उनीहरूले प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ समक्ष राजीनामा बुझाएका हुन्।

राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट सरकारमा सहभागी उपप्रधान तथा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री राजेन्द्र लिङ्देन, सहरी विकासमन्त्री विक्रम पाण्डे, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री ध्रुवबहादुर प्रधान र ऊर्जा राज्यमन्त्री दीपकबहादुर सिंहले राजीनामा दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार तपाईकै सहर राजविराजमा




आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# श्रोत नखुलेको रकमसहित भारतीय महिला पक्राउ

**राजविराज**/सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका १ भन्सार कार्यालय अगाडीबाट शनिबार प्रहरीले एक भारतीय महिलालाई श्रोत नखुलेको ७ लाख भन्दा बढी नेपाली रुँपैयासहित पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भारतको बिहार राज्य सुपौल कुनौली ग्राम पंचायत कमलपुर निवासी ३१ वर्षिया अस्मिता कुमारी साह रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीले ती महिलासँग स्रोत नखुलेको नेपाली रकम ६ लाख ८३ हजार ३ सय र भारतीय रकम रु. ५० हजार गरि जम्मा नेपाली ७ लाख ६३ हजार हजार ३ सय फेला परेको जनाएको छ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी र भन्सार कार्यालयको कर्मचारीसहित संयुक्त चेकिङ टोलिले शंका लागि चेक जाँच गर्ने क्रममा उक्त रकम फेला परेको तथा नियमानुसार बरामद गरिएको उक्त रकम सहित महिलालाई आवश्यक कारवाहीको लागी आन्तरिक राजस्व अनुसन्धान कार्यालय ईटहरी सुनसरी पठाइएको जनाइएको छ।

# दुर्घटनामा घाइते भएका व्यक्तिको उपचारका क्रममा मृत्यु

**राजविराज**/सप्तरीको बलानबिहुल गाउँपालिकामा फागुन ४ गते भएको मोटरसाइकल दुर्घटनामा परि घाइते भएका व्यक्तिको उपचारका क्रममा शुक्रबार मृत्यु भएको छ।

मृत्यु हुनेमा बलानबिहुल गाउँपालिका ४ निवासी ५५ वर्षिय रामबाबु यादव छन्। उनको उपचारका क्रममा बिराटनगरस्थित न्युरो अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीका अनुसार सो गाउँपालिका वडा नं. २ चन्ही चौकस्थित हुलाकी सडक खण्डमा बेल्हीबाट कुशाह तर्फ जाँदै गरेको ना४प ९३०१ नं. मोटरसाइकललाई बोदेबर्साईनबाट भगवानपुरतर्फ जाँदै गरेको प्र१-०२-४५ प ९२११ नं. को मोटरसाइकलले ठक्कर दिएको थियो। उक्त मोटरसाइकलले बाटो क्रस गर्ने क्रममा ना४प ९३०१ न. को मोटरसाइकललाई ठक्कर दिँदा चालक रामबाबु यादव घाईते भएका थिए।

घाइते यादवलाई उपचारका लागि न्यूरो अस्पताल बिराटनगर लगिएकोमा उपचारको क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेश सिंहले जानकारी दिएका छन्।

## सामाजिक सञ्जाल प्रयोगमा सचेतता अपनाऔं

➢ सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं।

➢ अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं।

➢ सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिट्ठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं।

➢ आफुले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं।

➢ आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय


### सप्तरीमा बढ्दै गएको आगलागिका घटनाप्रति सचेत हुनु आवश्यक

सप्तरी जिल्लामा आगलागिका घटनाहरु दिनप्रति दिन बढ्दै गएको छ। जिल्लामा २०७७/०७८ मा आगलागीका ६७ घट्ना भएका थिए। ०७९/८० को हाल सम्मको अवधीमा २९ वटा आगलागीका घट्ना भएको राजविराज नगरपालिकाको बारुणयन्त्र शाखाको तथ्याकले देखाएको छ।

आगालागीको सर्वाधिक घट्ना हुने सप्तरी जिल्लामा स्थानीयस्तरमा आगलागीबाट जोगिने तथा आगलागी भईहाले तत्काल नियन्त्रणमा लिन विभिन्न पालिकाको विपद व्यवस्थापन समिती तथा सेना र प्रहरी समेतले समय समयमा विपद व्यवस्थापन सम्बन्धि साँकेतिक अभ्यास र सचेतना कार्यक्रम समेत चलाउदै आएको छ। विशेष गरी ग्रामिण क्षेत्रमा सर्वसाधारणले आवश्यक सावधानी नअपनाउँदा आगलागीका घट्ना न्युनिकरणमा समस्या हुने गरेको बताउँदै सरोकारवालाहरुले यस तर्फ आवश्यक साबधानि अपनाउन सबै संग अपिल गरेको छ।

तसर्थ आगलागिका घटनाहरु न्युनिकरणका लागि सबै पक्षले आ-आफ्नो क्षेत्रबाट जनचेतनाका साथै सतकर्ता अपनाउने अभियानमा जुट्नु पर्ने आवश्यकता देखिन्छ।

# २१औं शताब्दीमा मातृभाषाको महत्व




**श्रीमन्नारायण**

तत्कालीन पूर्वी पाकिस्तान अर्थात् अहिलेको बङ्लादेशको राजधानी ढाकामा २१ फेब्रुअरी १९५२ मा बङ्लालाई राष्ट्रभाषा बनाउनुपर्ने माग राख्दै भाषिक आन्दोलन भयो। सो प्रदर्शनमा प्रहरीको गोली लागेर धेरै विद्यार्थीले सहादत प्राप्त गरे। संयुक्त राष्ट्र संघले सोही दिनको सम्झनामा प्रत्येक वर्ष मातृभाषा दिवसको रूपमा मनाउँदै आएको छ। २१औँ शताब्दीमा पनि मातृभाषाको महत्त्व छ। मातृभूमि, माता र मातृभाषाको महत्व कहिल्यै कम हुने छैन।

विश्वका धेरै देशमा अहिले पनि मातृभाषाको विकास, राजकीय संरक्षण र मान्यता दिनुपर्ने विषयलाई लिएर शान्तिपूर्ण प्रदर्शन भइरहेका छन्। हाम्रो देशको संविधानको प्रस्तावनामा पनि नेपाल बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक एवं भौगोलिक विविधायुक्त बहुभाषिक राष्ट्रको रूपमा स्वीकार गरिएको छ। तर अझै पनि मातृभाषाहरूको विकास एवं मान्यताको निम्ति यथोचित पाइला चाल्न सकिएको छैन। सरकारले भाषाकर्मीहरूले र सामाजिक संघ, संस्थाका प्रतिनिधिले पनि यस दिशामा धेरै कार्य गर्नुपर्ने आवश्यकता छ।

पञ्चायतकालीन निर्दलीय संविधानमा नेपाली भाषालाई राष्ट्रभाषा मानिएको थियो। यो नै नेपालको निर्विकल्प सरकारी कामकाजको भाषा थियो। सरकारद्वारा घोषित एक भाषा नीतिका कारण नेपालमा बोलिने अन्य भाषाहरू उपेक्षित अवस्थामा थियो। प्रजातन्त्र पुनर्स्थापनापछि २०४७ को संविधानले नेपाली भाषालाई राष्ट्रभाषा र अन्य मातृभाषाहरूलाई राष्ट्रिय भाषका रूपमा मान्यता दिएको थियो तर त्यो संविधानको पानामा मात्रै सीमित थियो। काठमाडौँ महानगरपालिकाले नेवारी तथा राजविराज एवं जनकपुर नगरपालिकाले मैथिली भाषामा कामकाज सुरु गर्न थाल्दा सम्मानित सर्वोच्च अदालतले त्यसमाथि रोक लगाएको थियो।

जनआन्दोलन-२ को सफलतापश्चात् बनेको अन्तरिम संविधानमा मातृभाषाप्रति थप उदारता देखियो। देशका प्रमुख राजनीतिक दलहरू नेपालमा बोलिने मातृभाषाहरूलाई राष्ट्रभाषाका रूपमा पहिचान दिन सामूहिक रूपमा प्रतिबद्धता पनि जनाए। नेपालको संविधान २०७२ लाई निरन्तरता पनि दिइएको छ तर २०७४ मा सम्पन्न निर्वाचनमा देशका प्रमुख राजनीतिक दलहरू मातृभाषाका सम्बन्धमा उदासिन देखिनुले देशमा मातृभाषाको भविष्य उज्ज्वल नरहेकोतिर सङ्केत गरिरहेको छ। संविधानको धारा ३ मा राष्ट्रको परिभाषामा नेपाललाई बहुभाषिक भनिएको छ। धारा ६ मा नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्रभाषाका रूपमा मान्यता दिइएको छ।

धारा ७(१) मा देवनागिरी लिपिमा लेखिने नेपाली भाषालाई सरकारी कामकाजको भाषाको रूपमा मान्यता दिइएको छ। धारा ७(२) मा नेपाली भाषाका अतिरिक्त प्रदेश सरकारहरूले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी राष्ट्रभाषालाई प्रदेशको कानुन बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा रूपमा प्रयोग गर्न सकिने छ भनिएको छ। धारा ७ (३) मा भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारद्वारा निर्णय गरिएअनुसार हुने व्यवस्था छ।

मातृभाषामा शिक्षाको सम्बन्धमा पनि हाम्रो संविधानमा धेरै कुरा उल्लेख भएको पाइन्छ। संविधानको धारा ३१ (५) मा नेपालमा बसोबास गरिरहेका प्रत्येक नेपाली समुदायले कानुनअनुसार आफ्नो मातृभाषामा शिक्षा हासिल गर्न सक्ने छन्। यसको निम्ति विद्यालय तथा शैक्षिक संस्थान खोली सञ्चालन गर्न पाउने व्यवस्था छ। त्यसैगरी भाषा र संस्कृतिको हकअन्तर्गत धारा ३२ (१) मा प्रत्येक व्यक्ति तथा समुदायलाई आफ्नो भाषा प्रयोग गर्न पाउने अधिकार प्राप्त हुनेछ भन्ने उल्लेख छ। धारा ३२ (३) ले नेपालमा बसोबास गरिरहेका प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन एवं संरक्षण गर्न पाउने अधिकार दिइएको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गाउँपालिका र नगरपालिकाको शिक्षासम्बन्धी अधिकारमा मातृभाषामा शिक्षा प्रदान गर्ने विद्यालयको अनुमति, अनुगमन तथा नियमनका साथै भाषा संस्कृतिको संरक्षण एवं विकाससम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन तथा अनुगमन एवं नियमन गर्ने जिम्मेवारी दिइएको छ। त्यसैगरी शिक्षा ऐन २०२८ (नवौँ संशोधन २०७४)को दफा ७ को उपदफा (१) मा प्राथमिक शिक्षा मातृभाषामा प्रदान गर्न सकिने व्यवस्था छ। तर व्यवहारमा यो लागू भएको छैन। मातृभाषामा प्राथमिक शिक्षालाई अनिवार्य नगरिएसम्म मातृभाषाको संरक्षण र संवर्द्धन सम्भव हुन सक्दैन।

मातृभाषाप्रति दलहरूको उदासिनताका कारण नै संविधानमा रहेका प्रावधान एवं अधिकारहरूलाई कार्यान्वयनमा ल्याउने काम हुन सकिरहेको छैन। संविधानले सरकारी कामकाजको भाषा देवनागिरी लिपिमा लेखिने नेपाली भाषालाई तोकेको छ। प्रदेशमा भन्ने बहुसङ्ख्यकले बोल्ने एक वा एकभन्दा बढी भाषा प्रदेश कानुन बमोजिम नेपाली भाषाको अतिरिक्त सरकारी कामकाजको भाषा हुन सक्ने प्रावधान राखिएको छ। त्यसका लागि आधार तय गर्ने र सरकारलाई सिफारिस गर्ने जिम्मा भाषा आयोगलाई दिइएको छ। भाषा नीतिसँग सम्बन्धित यस आयोगले एक वर्षमा पनि पूर्णता पाउन सकेन। एक वर्षपछि एक जना सदस्य थपिएको छ जब कि समावेशी आधारमा महिलासहित भाषाविज्ञबाट र विज्ञ सूचीमा रहेका विज्ञ र कर्मचारीको मनोनयन बाँकी नै छ। भाषा आयोगले पूर्णता पाओस् र यसले द्रुतगतिमा आफ्नो कार्यको थालनी गरी सरकारलाई प्रतिवेदन समयमै बुझाओस् भन्ने चिन्ता न त मातृभाषी समुदाय, भाषिक अभियन्ता, भाषाविज्ञ तथा गैरसरकारी सङ्घसंस्थाका अभियन्ताहरूलाई नै छ, न त भाषाको नाममा राजनीति गर्ने जातीय सङ्ठन र राजनीतिक दलहरूलाई नै। सरकारमा जाने एकोहोरो अभियानमा लागेका दलहरू पनि यसमा गम्भीर हुनु आवश्यक छ।

कुनै पनि व्यक्ति आफ्नोपनको अनुभूति मातृभाषामा नै गर्न पाउँछन्। हाम्रो देशमा मातृभाषाहरूको मान्यता र उपयोगको सम्बन्धमा संविधानमा र ऐनमा व्यवस्था भएको पाइए पनि जबसम्म यसको संरक्षण र संवर्द्धनमा राज्यको भूमिका प्रभावकारी हुँदैन तबसम्म यसको सार्थकता सिद्ध हुने छैन। मातृभाषाहरूको विकास भएमा मात्रै नयाँ नयाँ कवि, लेखक एवं साहित्यकारहरू चर्चामा आउने छन् र यसले हाम्रो राष्ट्रभाषा नेपालीलाई पनि धनी, समृद्ध एवं व्यापक बनाउनमा सहयोगीको भूमिका निर्वाह गर्नेछ। शिक्षालाई राम्ररी सम्झाउने बुझाउने अनेकौँ सूत्र हुन सक्दछ तर मातृभाषा त्यसमा सर्वोपरी हो। मातृभाषाका कथा, लोकगीत, गाउँखाने कथा,

*बाँकी चार पृष्ठमा*

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**सम्पर्क :**
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569

# दुर्घटनामा दुई बालिका, एक प्रहरी हवल्दारसहित १२ घाइते

**राजविराज**/सप्तरीमा छुट्टाछुट्टै भएको सडक दुर्घटनामा चार बालिका, एक प्रहरी हवल्दारसहित १२ जना घाइते भएका छन् ।

जिल्लाको महदेवा गाउँपालिका १ बल्थि मुसहरी टोलस्थित ग्रामिन सडकमा मोटरसाइकलको ठक्करबाट स्थानिय अजय सदाकी ३ वर्षिया छोरी राग्नि सदा घाइते भएकी छिन् ।

बाटो काट्ने क्रममा उत्तर दिशाबाट दक्षिण पकरीतर्फ आउदै गरेको स८प ८२८६ नं.को मोटरसाइकलले उनलाई ठक्कर दिएको थियो । ठक्करबाट घाईते भएकी सदालाई उपचारका लागी गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा भर्ना गरिएको प्रहरीले जनाएको छ ।

यस्तै जिल्लाकै रुपनी गाउँपालिका १ रुपनी राजविराज सडक खण्डमा विंगरले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक प्रहरी हवलदार घाइते भएका छन् ।

राजविराजबाट रुपनी तर्फ आउदै गरेको स१ज६०४ न.को विङ्गरले विपरित दिशाबाट आउँदै गरेको स.६प.५७२१ न. को मोटरसाइकललाई ठक्कर दिदाँ राजविराज १६ बोरिया निवासी देवनारायण यादव घाइते भएका छन् । यादव ईलाका प्रहरी कार्यालय कवि दरबार बारामा प्रहरी हवल्दार पदमा कार्यरत छन् ।

घाईते यादवलाई उपचारका लागी युनिक अस्पाताल रुपनीपछि थप उपचारका लागी बिराटनगरस्थित अस्पतालमा उपचारका लागि लगिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैगरि जिल्लाकै कंचनरुप नगरपालिका ११ गोरपारस्थित भित्री सडक खण्डमा मोटरसाइकलले ३ वर्षिया बालिकालाई ठक्कर दिएको छ । बाटोमा खेलिरहेको अवस्थामा मोटरसाइकलले ठक्कर दिँदा स्थानिय सलेन्द्र सरदारकी ३ वर्षिया छोरी अनुराधा कुमारी सरदार घाइते भएकी हुन् । घाइते भएकी बालिकालाई थप उपचारका लागी बिराटनगर लगिएको प्रहरीले जनाएको छ ।

यसैगरि राजविराज वडा नं. १० खाडो पुलस्थित लोहजराबाट राजविराज तर्फ जादै गरेको स.१ ह.३७९० न.को अटो आफै अनिन्त्रित भई दुर्घटना भएको छ ।

सो दुर्घटनामा अटोमा सवार तीन व्यक्ति घाइते भएको तथा उनीहरु सबैको राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भईरहेको प्रहरीले जनाएको छ ।

यस्तै जिल्लाको कंचनरुप नगरपालिकामा ४ धनकट्टा टोल कोशिबाँधको मोडमा उतरबाट दक्षिणतर्फ जादै गरेको को१ज १६३१ नं.को म्याजिकले सोही दिशातर्फ जादै गरेका पैदल यात्री स्थानिय ५० वर्षिय राजाराम मुखिया घाइते भएका हुन् ।

घाइते मुखियाको दुवै खुट्टामा चोट लागेकोले स्थानिय धर्मेश्वर अस्पताल ठेलियामा उपचारका लागि भर्ना गरिएको जनाउँदै म्यजिक र चालक प्रहरी नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैगरि जिल्लाको सुरूङगा नगरपालिका ८ शमशेरपुरस्थित कुशाह धाती सडक खण्डमा कुशाहाबाट धाती तर्फ जादै गरेको प्र.२-०१-००१प.७२९४ न.को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जनाएको छ ।

सो दुर्घटनामा मोटरसाइकल चालक बलानबिहुल १ बस्ने २४ वर्षिय बिजय चौधरी र पछाडी सवार २१ वर्षका एलेन्स चौधरी घाइते भएका छन् ।

घाईतेहरुलाई तत्काल उपचारको लागी स्थानिय क्लिनिकमा भर्ना गरिएको तथा घट्ना सम्बन्धमा थप अनुसन्धान कार्य जारिरहेको प्रहरीले जनाएको छ ।

यस्तै बोदेबर्साइन ७ हैठीस्थित बोदेबर्साईन स्वर्णपट्टी सडक खण्डमा २७ वर्षिय स्थानिय रबिन कुमार यादव गाँउको पसलबाट घरायसी सर-सामान खरीद गरि घर फर्किने क्रममा बा.२८ प. ६९०९ नं.को मोटरसाइकलले ठक्कर दिएको छ ।

ठक्करबाट घाइते भएका रबिनको स्थानिय जिवन ज्योती अस्पताल बोदेबर्साईनमा उपचार भई रहेको छ भने मोटरसाईकल र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यसैगरि जिल्लाकै खडक नगरपालिका ४ अमाहस्थित पूर्व पश्चिम राजमार्गमा पश्चिमबाट पूर्व तर्फ जाँदै गरेको बा५९प ६५८१ न.को मोटरसाइकललाई बिपरित दिशाबाट आँउदै गरेको बा३च ८९६० न.को स्करपियोले ठक्कर दिएको छ ।

ठक्करबाट माटरसाइकल चालक खडक ८ बिसनपुर निवासी २१ वर्षिय दिनेश मण्डल घाईते भएका छन् । उनलाई उपचारका लागि लहान पठाईएको तथा दुर्घट्ना भएको मोटरसाईकल र स्कारपियो गाडी र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यसैगरि रुपनी १ रायपुरस्थित रुपनी राजबिराज सडक खण्डमा रुपनीबाट राजबिराजतर्फ जादै गरेको स४प ३२६४ नं. को मोटरसाइकलले एक साइकल यात्रीलाई ठक्कर दिएको छ ।

सो ठक्करबाट साईकल यात्रि स्थानिय ५५ वर्षिय हरीया कुमार हर्जन राम घाइते भएका छन् । घाइते भएका रामलाई तत्काल उपचारका लागी युनिक अस्पतालमा भर्ना गरिएको छ भने माटरसाइकल तथा चालकलाई प्रहरीले नियन्त्रणमा लिई घट्ना सम्बन्धमा अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैगरि जिल्लाको बलान बिहुल गाउँपालिकामा मोटरसाइकलको ठक्करबाट साइकलमा सवार एक १५ वर्षिया बालिका घाइते भएकी छिन् ।

सो गाउँपालिका २ पथराह चोकमा दक्षिणबाट उत्तर तर्फ आउँदै गरेको स.१०प. ५३२९ न. को मोटरसाइकलले ठक्कर दिँदा बिपरीत दिशाबाट आउँदै गरेको साईकल यात्री स्थानिय १५ वर्षकी आशा यादव घाइते भएकी हुन् ।

ठक्करबाट घाइते भएकी बालिकलाई उपचारका लागी अस्पताल भर्ना गरिएको तथा मोटरसाइकल र चालकलाई प्रहरीले नियन्त्रणमा लिई घट्नासम्बन्धमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै जिल्लाको कंचनपुर नगरपालिका ७ सितापुर टोलस्थित भित्रि सडक खण्डमा ट्रकमा ठोक्किएर एक साइकल यात्रीलाई घाइते भएकी छिन् ।

बास लोड गरिरहेको ना.२ख.८७७५ न. को ट्रकको पछाडि डालामा साईकल यात्रि स्थानिय ३० वर्षिया की एकाबरि देबि महतो ठोकिदा घाइते भएको प्रहरीले जनाएको छ । घाइते पश्चात् उनलाई तत्काल उपचारको लागी अस्पताल लगिएको तथा ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिई घट्ना सम्बन्धित अनुसन्धान गरिरहेको जनाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।

२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।

३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।

४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।

५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।

६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।

७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।

८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।

९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।

१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

**गुनासोका लागि**
**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी**
**०३१-५२२५२३**

## बच्चालाई जोगाउने क्रममा टेम्पु पल्टियो, ८ जना घाइते

**राजविराज**/सप्तरीको बोदेबर्साइन नगरपालिकामा टेम्पु अनियन्त्रित हुँदा चालकसहित ८ जना यात्रुहरु घाइते भएका छन् ।

सो नगरपालिका २ जोगियास्थित बिसनपुर बोदेबर्साइन सडक खण्डमा उत्तरबाट दक्षिण तर्फ आँउदै गरेको प्र.२-०१-००१ ह १०१५ नं. को टेम्पु बाटोमा खेलिरहेको दुई जना बच्चालाइ बचाउने क्रममा अनियन्त्रित भई दुर्घटना हुदाँ टेम्पुमा सवार ८ जना यात्रुहरु घाइते भएको प्रहरीले जनाएको छ ।

घाइते हुनेहरुमा बोदेबर्साइन ५ जाजरका ४० वर्षिया सैफुल, वडा नं. १० खडकपुर बस्ने ३० वर्षका दशरथ ठाकुर, वडा नं. ७ हैठि बस्ने ३५ वर्षिया फुलकुमारी राम, टेम्पु चालक खडक नगरपालिका ८ बिशनपुर बस्ने २४ वर्षिय कृष्ण चौधरी, बोदेबर्साइन ८ काचन बस्ने ८ वर्षिय कृष्ण साह, वडा नं. ९ देउरी बस्ने ३८ वर्षिया गौरी देवी साह, स्थानिय ३९ वर्षिय योगेन्द्र प्रसाद साह र

वडा नं. ८ काचन बस्ने १५ वर्षिया बुचि कुमारी साह रहेका छन् ।

घाइते सबैको उपचार भइरहेको तथा घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# ४० जिल्लामा ३० हजार हात्तीपाइलेका बिरामी

नेपालमा अझै पनि ३० हजार हात्तीपाइलेका बिरामी रहेको पाइएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा अन्तर्गत किट्जन्य शाखाका प्रमुख डा.गोकर्ण दाहालका अनुसार ४० जिल्लामा मात्रै गरिएको सर्वेक्षणमा हात्तीपाइले रोगको लक्षण र स्वास्थ्य समस्या भएका बिरामी ३० हजार जना रहेको पाइएको छ ।

यता विश्व स्वास्थ्य सङ्गठनले सन् २०३० सम्ममा नेपाललाई हात्तीपाइले रोग निवारण राष्ट्रको रूपमा घोषणा गर्ने लक्ष्य राखेको छ ।

नेपालमा हात्तीपाइले रोग प्रभावित जिल्ला अझै १५ वटा छन् । यी जिल्लामा नियमित रूपमा आम औषधि अभियान सञ्चालन गर्दा पनि हात्तीपाइले रोगको संक्रमण देखिएकाले सरकारले छुट्टै रणनीति बनाएर अघि बढ्ने डा. दाहालले बताए ।



उनी भन्छन्, 'पहिला पाँच वर्षसम्म लगातार दुई पटक हात्तीपाइले विरुद्धको औषधि ख्वाउने गरिन्थ्यो । गएको वर्षदेखि ती प्रभावित जिल्लामा तीन थरी औषधि ख्वाउने तर, दुई वर्ष मात्रै ख्वाउन थालेका छौं ।'

हात्तीपाइले विरुद्धको औषधि ४८ जिल्लामा ख्वाएर एउटा चरण पार गरिएको उनले बताए । यस्तै, २७ वटा जिल्लामा निवारण नै भइसकेपनि महाशाखाले औपचारिक रूपमा जानकारी नदिएकोले सार्वजनिक भएको छैन ।

सरकारले ४८ जिल्लामा संक्रमणको स्तर मापन गर्ने तथा रगतको परीक्षण कार्य गरिरहेको डा. दाहालले बताए । उनले २०३० सम्ममा हात्तीपाइले रोग निवारण गरिसक्ने जिकिर गरे ।

प्रभावित जिल्लामा लगातार औषधि अभियान सञ्चालन गरिएको थियो । पाँच वर्षसम्म सञ्चालन गरिएको आमऔषधि अभियानमा ६५ प्रतिशतले मात्रै हात्तीपाइले विरुद्धको औषधि सेवन गरेकाले समस्या भएको डा दाहालले बताए ।

हात्तीपाइले रोगविरुद्धको औषधिबारे जनचेतना फैलाउन पूर्ण रूपमा सबै सम्बन्धित सक्रिय हुन नसकेको डा दाहालले स्वीकारे । सहरमा व्यस्तताका कारण शिक्षित वर्ग नै औषधि सेवनप्रति चासो दिँदैनन् । १५ जिल्लामा हात्तीपाइले रोग विरुद्धका औषधि ख्वाएको एक वर्षपछि रगत परीक्षण गरी नतिजाका आधारमा अगाडि बढ्ने उनको भनाई छ ।

**किन खाने हात्तीपाइलेको औषधि ?**

हात्तीपाइले विरुद्धको औषधि हात्तीपाइले रोग लागेकाले मात्रै सेवन गर्ने होइन । आमऔषधि अभियान सञ्चालन गर्दा सेवन गर्ने औषधिले कसैको शरीरमा हात्तीपाइले रोग गराउने परजीवी भएमा त्यो स्वतः मर्ने डा. दाहाल बताउँछन् । यसले संक्रमण हुन पनि दिँदैन ।

यद्यपि मानिसको शरीरमा हात्तीपाइले रोगको परजीवी प्रवेश गरेको केही वर्षपछि मात्रै रोगको लक्षण देखिन्छ । शरीरमा हात्तीपाइले रोगको परजीवी ७/८ वर्ष बस्ने उनले बताए ।

हात्तीपाइले रोगको परजीवी शरीरमा बसेको लामो समयसम्म थाहा हुँदैन । परजीवी बोकेकालाई टोकेको पोथी लामखुट्टे क्युलेक्सकले अन्य मानिसलाई टोकेमा त्यसमा रहेको परजीवी सर्ने भएकाले अनिवार्य रूपमा औषधि खानुपर्ने उनको सल्लाह छ ।

यद्यपि दुई वर्ष उमेर नपुगेका बालबालिका, गर्भवती, सात दिनसम्मका सुत्केरी र सिकिस्त बिरामीले यो औषधि सेवन गर्न हुँदैन ।

हात्तीपाइले रोगविरुद्धको औषधि सेवन गर्दा बिरामी भइन्छ भन्ने गलत धारणा छ । शरीरमा हात्तीपाइले रोगको उचेरेरिया ब्याङ्फटी नामक् परजीवी भएमा हात्तीपाइले रोगविरुद्धको औषधि सेवन गरेपछि सामान्य खालको ज्वरो आउने, खाना खान मन नलाग्ने, वाकवाकी लाग्ने, पेट दुख्ने हुन सक्छ ।

औषधि सेवन गर्दा शरीरमा कम परजीवी भएका मानिसमा सामान्य र बढी परजीवी हुनेमा कडा खालका लक्षण देखिन सक्छ । डा दाहालका अनुसार, औषधि सेवन गरिसकेपछि शरीरमा यस्ता खालका लक्षण देखिएमा औषधिले प्रभावकारी रूपमा काम गर्दैछ भनेर बुझ्न आवश्यक छ ।

ती लक्षण केही घण्टाभित्र आफै हराएर जाने उनले बताए । केही गरी शरीरमा लामो समयसम्म ती लक्षण रहिरहे नजिकैको स्वास्थ्य संस्थामा गई स्वास्थ्यकर्मीको सल्लाहमा उपचार गर्नुपर्छ ।

**औषधि अभियान**

सरकारले बिहीवारदेखि हात्तीपाइले रोगविरुद्धको आमऔषधि अभियान चलाएको छ । यो अभियान झापा, मोरङ, धनुषा, महोत्तरी, रौतहट, सर्लाही, बारा, रसुवा, ललितपुर, पर्वत, बागलुङ, कपिलवस्तु, बाँके, दाङ र कैलाली यी १५ जिल्लामा निरन्तर अझै दुइ साताासम्म सञ्चालन हुनेछ । डा. दाहालका अनुसार बिहीवार १५ जिल्लामा बुथबाट औषधि सेवन गराइएको थियो । शुक्रबार अर्थात् आजदेखि घरघर, स्कुलमा पुगेर औषधि खुवाइने अभियान सञ्चालन गरिनेछ । आमऔषधि अभियानमा १५ जिल्लामा ९ हजार स्वास्थ्यकर्मी तथा १३ हजार महिला स्वास्थ्य स्वंयमसेविका परिचालन गरिएको छ । रातोपाटीबाट

## *२१औं शताब्दीमा ...*

कथन, पहिलेहरू यस्ता माध्यम हुन् जुन प्रत्यक्ष रूपमा हाम्रो स्मृतिको धरातलसँग जोडिएको हुन्छ । त्यसमा किसानको शक्ति हुन्छ । त्यसको बनोट पनि बेग्लै किसिमको हुने गर्दछ । एउटा विशिष्ट सामाजिक एवं मनोवैज्ञानिक बनोट जसमा अस्मिता पनि निहित हुन्छ । जब कुनै महादेशको पीडाको वर्णन गरिनेछ अनि कुनै मौलिक लेखकले आफ्नो मातृभाषामा जति अनुकूलता, तीव्रता एवं तीक्ष्णतापूर्वक आफ्नो भनाइलाई व्यक्त गर्न सक्नेछ, त्यति अन्य भाषामा होइन । आत्म अन्वेषणको गहिराइ जति मातृभाषामा हुन्छ, त्यति अन्य भाषाहरूमा होइन । अन्य भाषामा पनि आफ्नो कुरालाई राख्न सकिन्छ तर मातृभाषा जति मार्मिकता त्यसमा हुँदैन ।

शिक्षामा मातृभाषाको प्रयोगबाट आफ्नो परिवेश तथा पर्यावरणको बोध हुन्छ । सम्बर्द्धीकरणको प्रक्रियामा बलियोपन आउँछ, त्यसमा पृथकता अनुभूति हुँदैन । मातृभाषामा त्यो मौलिक लय प्रकट हुन्छ जो प्रकृति एवं परिवेशसँगै सामाजिक सङ्घर्षमा पनि प्रकट हुने गर्दछ । जसमा प्रकृति एवं परिवेशसँगै सामाजिक सङ्घर्ष पनि प्रकट हुने गर्दछ । त्यसमा साहित्य एवं संस्कृतिको सकारात्मक, मानवीय जनतान्त्रिक तत्त्व पनि प्रकट हुन्छ । आफ्नो संस्कृतिको जरोमा पुगेर हामीलाई आत्मविश्वासको अनुभूति हुने गर्दछ । उधारोमा लिइएको भाषाले हाम्रो साहित्य एवं कलालाई विकसित गर्न सकिन्न । वर्तमान अवस्थामा पश्चिमीकरणको प्रभाव चारैतिर छ । यसले हाम्रो मौलिकतामाथि ठूलो प्रहार गरिरहेको छ । मातृभाषामा आफ्नो माटोको सुगन्ध आउँछ जुन विदेशी भाषामा सम्भव हुन सक्दैन । मातृभाषा आफ्नो आमाबाबुबाट व्यक्तिले प्राप्त गर्ने भाषा हो ।

मातृभाषाले एक बेग्लैथरिको सांस्कृतिक आचरण प्रदान गर्छ, जुन कुनै अन्य भाषामा सम्भव हुन सक्दैन । मातृभाषामा एउटा खास किसिमको तत्त्व जोडिएको हुन्छ, जसले गर्दा त्यसको सम्प्रेषणीयता त्यो भाषा बोल्नेहरूको निम्ति निकै मार्मिक हुन जान्छ । यो प्रश्न इतिहास र संस्कृतिसँग पनि जोडिएको हुन्छ । तसर्थ शिक्षा अध्ययनको क्षेत्रमा यसको महत्त्व छ । संस्कृतिको अर्थ विश्वलाई केवल बिम्बको रूपमा व्यक्त गर्नु मात्रै होइन अपितु ती बिम्बहरूमार्फत व्यक्त संसारलाई नूतन दृष्टिबाट हेर्ने दृष्टिकोण विकसित गर्नु पनि हो । वर्तमान युगमा अङ्ग्रेजीको बढ्दो प्रचार प्रसार एवं व्यापकताका कारण हामीलाई आफ्नो मातृभाषाप्रति हीनताको अनुभूति हुन सक्छ र हामी त्यस भाषाको प्रभुत्वलाई बखान गर्न थाल्दछौं । फलस्वरूप हामी त्यस भाषासित बाँधिन जान्छौं र आफ्नो मातृभाषालाई नै तिलाञ्जलि दिइरहेका हुन्छौं । मेरो सन्तानलाई त आफ्नो मातृभाषा बोल्न नै आउँदैन भनेर गर्व गर्ने आमा बुबाहरू यथार्थमा आफूलाई नै कमजोर बनाइरहेका हुन्छन् किनभने अन्ततः प्रत्येक व्यक्तिको मान सम्मान र पहिचान त्यसको मातृभूमि र मातृभाषामार्फत नै भइरहेको हुन्छ । संस्कृति आफैंमा पनि इतिहासको अभिव्यक्तिको उत्पादन हो । मातृभाषाको आफ्नो छुट्टै तर विशेष पहिचान हुने गर्दछ । मातृभाषाको मान्यता एवं महत्त्व रहेन भने हाम्रो संस्कृति पनि नाश हुन बेर लाग्दैन । यदि मातृभाषालाई शिक्षाको आधार बनाइन्छ भने सामुदायिकतामा आबद्ध वर्ग, आफ्नो भाषा, साहित्य, धर्म, कला, नाटक, मूल्य एवं एउटा यस्तो शिक्षा प्रणाली विकसित गर्न सफल हुने छन्, जसले इतिहास एवं भूगोललाई एक पुस्ताबाट अर्को पुस्तामा सजिलै हस्तान्तरण गर्न सक्नेछ ।

शिक्षा एवं संस्कृति वर्गीय असमानतालाई समाजको आर्थिक जगमा व्यक्त गर्ने गर्दछ । वास्तवमा वर्गीय समाजमा दुईथरिका शिक्षाबीच संघर्ष हुने गर्दछ । पहिलोमा त औपनिवेशिकताबाट ग्रसित संस्कृति पक्षको निम्ति मातृभाषाको आवश्यकता नै हुँदैन । उनीहरू यस्तै भाषालाई रोज्ने छन् जसले तिनको वर्गीय हितको प्रतिनिधित्व गर्न सकोस् । दोस्रोमा आफ्नै देश र समाजमा मातृभाषामा बोलेकै कारण सजाय एवं अपमान भोग्नेहरू पनि छन् ।

मातृभाषाको माध्यम भन्नाले जनतासित प्रत्यक्ष सरोकारको माध्यम हो । यसमा त्यस समुदायको सामाजिक एवं राजनीतिक निहितार्थ पनि बोध भइरहेको हुन्छ । त्यसैले शिक्षामा यसको गहिरो औचित्य छ ।

शिक्षाको मूल लक्ष्य नै हो, त्यो सौन्दर्यबोधमा हाम्रा लोककथाहरू, हाम्रा सपना, विज्ञान एवं हाम्रा भविष्यको कामना निहित होस् । अन्य भाषाहरूलाई अपनाउनु अथवा त्यसमा अभिव्यक्ति दिनु नराम्रो होइन तर मातृभाषालाई कमजोर पार्ने अथवा समाप्त पार्ने काम गर्नु भएन । हाम्रो अस्मिता, साहित्य, सिर्जनात्मकताको सर्वोच्च वैभव मातृभाषामा नै सम्भव हुन सक्छ । मातृभाषा जीवन्त अभिव्यक्ति तथा शिक्षाको सबैभन्दा उत्तर र सुन्दर माध्यम हो । नेपालजस्तो सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक देशमा मातृभाषाहरूले समुचित महत्त्व, संरक्षण र अवसर पाउनु आजको आवश्यकता र समयको माग पनि हो । रातोपाटीबाट

# जनमतको "दलान दलील" कार्यक्रम सुरु

**राजविराज**/जनमत पार्टीका नवनिर्वाचित संघीय तथा प्रदेश सांसदहरु आफ्नो क्षेत्रको विकास बारे जनतासँग योजना माग्दै गाउँ नगरमा खटिएका छन् ।

सो पार्टीले "दलान दलील" नाम दिएर सुरु गरेको उक्त कार्यक्रम पार्टीबाट सप्तरीको क्षेत्र न २ बाट प्रतिनिधि सभामा निर्वाचित डा. सिके राउत, सोही क्षेत्रको प्रदेशसभा क्षेत्र नं.१ बाट निर्वाचित प्रदेशसभा सदस्य सतिष कुमार सिंह तथा २ बाट निर्वाचित प्रदेशसभा सदस्य एवं मधेश प्रदेश सरकारका शिक्षा मन्त्री समेत रहेका महेश प्रसाद यादवले आ-आफ्ना निर्वाचन क्षेत्रमा खटिएका हुन ।

जनताको घर-घर, दलान-दलील सम्म पुगी योजना माग्ने भएकाले यो कार्यक्रमलाई दलान दलील नाम दिएको सो पार्टीले जनाएको छ ।

संघीय सांसद डा. राउतले आफ्नो निर्वाचन क्षेत्रबाट उक्त कार्यक्रम शुरु गरेको भोलीपल्टै आइतवारदेखि प्रदेश सभा सदस्य सिंह र यादवले पनि आ-आफ्नो क्षेत्रमा उक्त कार्यक्रम शुरु गरेका हुन् ।

दलान दलील कार्यक्रमका क्रममा राजविराजमा आयोजित कार्यक्रमबाट बोल्दै मधेश प्रदेशका शिक्षा मन्त्री समेत रहेका यादवले योजनाको प्रकृती हेरेर प्रदेशसभा र प्रतिनिधि सभामा लैजाने योजनाहरु छनौटका लागि उक्त कार्यक्रम थालिएको बताए । कार्यक्रम मार्फत जनतासँगै छलफल गरी योजनाहरु माग्ने तथा प्राथमिक्ताका आधारमा कार्यान्वयनमा लैजाने उनको भनाइ छ ।

विगतमा विकास निर्माणका लागि योजनाहरु व्यक्तिगत लाभ तथा आसेपासे, आफन्त र नजिकका ठेकेदारलाई दिने प्रवृतिका कारण ठोस निर्माण कार्य हुन नसकेको तथा भएका थोर बहुत कामबाट पनि सिमित व्यक्ति लाभान्वित भएको पाइएकोले आफुहरुको पालामा धेरै भन्दा धेरै जनताले विकासको लाभ र अनुभूति गर्न पाओस् भने उद्देश्यले यस्तो कार्यक्रम रोजिएको उनको भनाइ छ ।

कार्यक्रम अन्तरगत अधिकांश जनताले सडक, शिक्षा, स्वास्थ, मल-खाद्य, रोजगारी लगायतका समस्या र योजनाहरु अघि सार्ने गरेको सो पार्टीले जनाएको छ ।

# आगोले जलेर गम्भिर घाइते भएकी द्रोपतिको उपचारका क्रममा मृत्यु

**राजविराज**/आगो ताप्ने क्रममा साडीमा आगो लागेर गम्भीर घाईते भएकी एक महिलाको उपचारको क्रममा बुधवार विहान मृत्यु भएको छ ।

मृत्यु हुनेमा सप्तरीको अग्नीसाईर कृष्णा सवरण गाउँपालिका ३ मटिगढा निवासी बन्दीलाल भगतकी ५० वर्षिया श्रीमती द्रोपदी कुमारी भगत रहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार फागुन ३ गते विहान घर नजिकै आगो ताप्दै गर्दा उनले लगाएको साडीमा अचानक आगो सल्केर उनी गम्भीर घाईते भएकी थिइन । स्थानीय गजेन्द्र नारायण सिह अस्पतालमा प्रारम्भीक उपचार पछी उनलाई धरान स्थित विपी कोइराला विज्ञान प्रष्ठिानमा भर्ना गरिएको थियो । त्यहाा केही सुधार भएपछी २ दिन अघी उनलाई आफन्तले घर ल्याएका थिए ।

तर फेरी स्वास्थ्यमा समस्या देखिएपछी उनलाई उपचारका लागी बोदेबर्साइन नगरपालिका स्थित नयना हेल्थ केयर डियोलोजेस्टिक अस्पतालमा भर्ना गरिएकोमा उपचार कै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

# बालुवा बोकेको ट्र्याक्टर प्रहरी नियन्त्रणमा

**राजविराज**/अवैध रुपमा बालुवा उत्खनन् गरि लैजादै गरेको एक ट्र्याक्टरलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सप्तरीको कंचनरुप नगरपालिका वडा नं. ९ स्थित बान्द्रा खोलाबाट अवैध रुपमा बालुवा उत्खनन् गरि लैजादै गरेको स१त५५७३ नं. को ट्र्याक्टरलाई बिहीबार प्रहरीले नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार बालुवा ट्र्याक्टरमा लोड गरी लैजादै गर्दा भित्री बाटोमा इलाका प्रहरी कार्यालय कन्चनपुरको मोबाईल टोलिले नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएको ट्र्याक्टरलाई आवश्यक कार्यवाहीका लागि कंचनरुप नगरपालिका कार्यालय पठाइएको प्रहरीले जनाएको छ ।

# आगलागिमा ३५ लाख भन्दा बढी क्षति, १० घर नष्ट

**राजविराज**/सप्तरीको सुरुङ्गा नगरपालिका र बोदेबरसाइन नगरपालिकामा विद्युत सर्ट भई आगलागि हुँदा १० घर जलेर नष्ट हुँदा ३५ लाख भन्दा बढीको क्षति भएको छ ।

विहीवार राती आगालागी हुँदा आधा दर्जन घर जलेर नष्ट भएको छ भने उक्त आगालागीबाट १७ लाख ४५ हजार मुल्य बराबरको नष्ट भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

सो नगरपालिका ९ बेरबोनामा राती ९ बजे तीर रामचन्द्र यादवको घरमा विद्युत सर्ट भई सल्केको आगोले छिमेकीको घरहरु समेत गरी ६ घर नष्ट भएको प्रहरीले जनाएको छ ।

आगालागीले रामचन्द्रका साथै छिमेकी परिक्षण यादव, रामकिशुन यादव, चन्द्र देव यादव, बलराम यादव र रामबृक्ष यादवको घर जलेको छ । ती सबै फुसको संरचना भएका घरहरु भएको प्रहरीको भनाई छ ।

आगालागीबाट बलराम यादवको ५ लाख ६५ हजार, परिक्षण यादवको ३ लाख २२ हजार, राम किशुन यादवको २ लाख ६१ हजार, चन्द्र देव यादवको २ लाख ५४ हजार, रामबृक्ष यादवको ३० हजार तथा बैजनाथ यादवको २५ हजार मुल्य बराबरको सम्पती जलेर नष्ट भएको उनको भनाई छ ।

आगोले अर्का छिमेकी बैजनाथ यादवको घर जोगाउन सकिए पनि बरन्डामा राखिएको उनको २५ हजार मुल्य बराबरको खाद्यान्न जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी नरेश कुमार सिंहले बताए ।

स्थानीयवासी, प्रहरी तथा शम्भुनाथ र लहान नगरपालिकाको बारुणयन्त्रको मदतले २ घण्टाको प्रयास पछी आगो नियन्त्रणमा आएको डिएसपी सिंहले जानकारी दिए ।

यसअघि सप्तरीको बोदेबरसाइन नगरपालिका १० खडकपुमा विद्युत सर्ट भई बिहीबार दिउँसो आगलागि हुँदा चार घर जलेर नष्ट हुनुका साथै १७ लाख भन्दा बढीको क्षति भएको छ ।

प्रहरीका अनुसार दिउँसो १ बजेतिर विद्युत सर्ट भई आगलगि हुँदा सो वडास्थित पलनु यादव, गोहालु यादव, उमेश यादव र बिरेन्द्र यादवको घर पूर्ण रुपमा जलेर नष्ट भएको हो ।

आगलागिमा १७ लाख ७५ हजार मुल्य बराबरको सम्पत्ति जलेर नष्ट भएको प्रारम्भिक अनुमान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

स्थानियवासी, प्रहरी तथा शम्भुनाथ नगरपालिका र राजविराज नगरपालिकाको बारुणयन्त्रको मद्दतले दिउँसो ३ बजेतिर आगो नियन्त्रणमा आएको डिएसपी सिंहले बताए ।

# सरस्वतीले जन्माइन तिम्ल्याहा बच्चा

**राजविराज**/सप्तरीको रुपनी गाउँपालिका १ रायपुरकी सरस्वती रामले तिम्ल्याहा बच्चालाई जन्म दिएकी छिन् ।

धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उनले सल्यक्रियामार्फत एकै पटक दुई छोरा र एक छोरीलाई जन्म दिएकी हुन् । तिन वटै बच्चाको तौल भने कम रहेको उपचारमा संलग्न चिकित्सकहरुले बताएका छन् ।

पहिलो बच्चा (छोरा) को तौल १.६६० केजी, दोश्रो (छोरा) को तोल १.४८० केजी र तेश्रो (छोरी) को तौल १.६६१ केजी छ । सामान्य अवस्थाको बच्चाको तौल कम्तीमा पनि २.५ केजी हुनुपर्ने चिकित्सकहरु बताउँछन् ।

बच्चालाई स्वस्थ बुधवारदेखि अस्पतालद्वारा इन्कुबेटरमा राखेर खुवाउने तथा श्वासप्रश्वासमा सहयोग पुर्याउने काम भइरहेको परिवारजनले जनाएको छ । परिवारको आर्थिक अवस्था कमजोर रहेकाले परिवारजनले सहयोगकालागि आग्रह गरेका छन् ।


## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

कन्सलटेन्ट फिजिसियन

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी

हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७


# बालबिवाह गरे कारवाही

**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ५ ले बालबिवाह गर्नेलाई कारवाही गर्ने चेतावनी दिएका छन् ।

सो गाउँपालिकाको को. बर्साइनका वडा अध्यक्षललन प्रसाद राउतले बालविवाह गर्न लागेको थाहा पाएमा कानुनी कारवाही गरिने चेतावनी दिएका छन् ।

वडा अध्यक्ष राउतले बालविवाह गरे कानुनी कारवाहीको प्रक्रिया अगाडि बढाउने चेतावनी दिँदै बालविवाह गर्न लागेको थाहा पाएमा स्थानीय प्रशासनमार्फत कारबाहीको प्रक्रिया समेत अगाडि बढाउने चेतावनी दिएका हुन् ।

बालविवाह तथा महिला हिंसा अन्त्यका लागि सञ्चालन गरिने अभियान अन्तर्गत मंगलबार बालबालिकाको सहभागितामा सचेतनामूलक र्‍याली प्रदर्शन गर्दै उनले बालविवाहका कारण बालबालिकाको भविष्य बिग्रिदै गएकोमा बालविवाह अन्त्य गरिनु प्रमुख आवश्यकता रहेको बताए ।

वडा समितिले माघ २५ गते बैठकबसी बालविवाह अन्त्यका लागि अभियान सञ्चालन गर्ने निर्णय गरेको वडा अध्यक्ष राउतले जानकारी दिए ।

# चाँदीका गरगहनासहित एक पक्राउ

**राजविराज**/सप्तरीको खडक नगरपालिका वडा न. ७ स्थित कल्याणपुर बजारबाट एक व्यक्ति भंसार छलेर ल्याएको चाँदीका गरगहनासहित पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा झापाको शिवसताक्षी नगरपालिका ११ बस्ने ३१ वर्षिय कुमार तिरुवा विश्वकर्मा छन् । प्रहरीले विश्वकर्मालाई ९८ हजार १ सय ५० रुँपैया मुल्य बराबरको चादीका गरगनाहरुसहित पक्राउ गरेको हो ।

बरामद गरिएका चादीका गरगहनाहरुमा पथर बिनाको बाला थान १६ थान, ब्रासलेट ३ थान र चादीका टुक्राहरु गरी जम्मा ७५ तोला ८ आना रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पक्राउ परेका विश्कर्मालाई प्रहरीले गरगहनासहित आवश्यक कारवाहीका लागी राजविराज भंसार कार्यालय तिलाठी पठाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
रुपनी गाउँपालिका, सप्तरी

# अन्तर्राष्ट्रिय समाचार

## रुसलाई परास्त गर्ने युक्रेनी राष्ट्रपकिो प्रतिबद्धता

**किएभ**/युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले यो वर्ष रुसलाई परास्त गरेरै छाड्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । विदेशबाट जर्मनीमा निर्मित ट्याङ्क र हातहतियार प्राप्त गरेपछि उहाँले रुसलाई पराजित गर्ने प्रतिबद्धता दोहोर्‍याउनुभएको हो ।

दोस्रो विश्वयुद्धपछि युरोपमा भीषण युद्ध शुरु भएको वार्षिकीका सन्दर्भमा युरोपेली मुलुकका राजधानीमा रुसी आक्रमणविरुद्ध विरोध प्रदर्शन भएका छन्भने पश्चिमा राष्ट्रले रुसी ब्याङ्क, सैन्य क्षेत्रलगायत आर्थिक उपार्जनका केन्द्रलाई क्षीण तुल्याउन अझ कठोर प्रतिबन्ध लगाउने अभिव्यक्ति दिइरहेका बेला उत्साहित युक्रेनी राष्ट्रपतिले रुसलाई परास्त गर्ने प्रण गर्नुभएको हो ।

सात वटा औद्योगिक राष्ट्रको समूहले पनि रुसमाथि गम्भीर नाकाबन्दी लगाउने चेतावनी दिएको छ । पोल्याण्डका प्रधानमन्त्री माटेउज माराविकीले कुत्रेनलाई थप सैन्य सहायता उपलब्ध गराउने बताउनुभएको छ । युक्रेनी विमान चालकहरूलाई लडाकु विमान उडाउने तालिम दिने प्रस्ताव पनि उहाँले अघि सार्नुभएको छ ।

रुसका पूर्वराष्ट्रपति दिमित्री मेदवेदेवले पोल्याण्डको सिमानाबाट आफ्नो भूमिमा हुने आक्रमणको जवाफ दिन रुस तयार रहेको बताउनुभएको छ ।

चीनले युक्रेन युद्धका सम्बन्धमा जारी गरेको १२ बुँदे अवधारणापछि राष्ट्रपति जेलेन्स्कीले चिनियाँ राष्ट्रपति सी चिनफिडलाई भेट्ने योजनामा आफू रहेको बताउनुभएको छ । चीनले शान्ति वार्ताको थालनी तथा क्षेत्रीय सार्वभौमसत्ताको सम्मान गर्न युद्धरत पक्षलाई आह्वान गरेको छ ।

चिनियाँ विदेश मन्त्रालयले जारी गरेको अवधारणपत्रमा अन्तर्राष्ट्रिय समुदायले शान्ति स्थापनाका लागि वार्ताको प्रयास अविलम्ब थाल्नुपर्नेमा जोड दिँदै द्वन्द्वरत पक्षलाई जतिसक्दो चाँडो राजनीतिक समाधानको ढोका खोल्न आह्वान गरेको छ । शान्ति वार्ताको पुनः थालनीका लागि चीनले रचनात्मक भूमिका निर्वाह गरिरहने पनि जनाएको छ ।

नागरिक संरचना र सुविधामा आक्रमण गर्न नहुने, महिला, बालबालिका र द्वन्द्वका अन्य पीडितहरूको सुरक्षा गरिनुपर्ने युद्ध बन्दीका मौलिक अधिकारको सम्मान हुनुपर्नेमा जोड दिँदै चीनले आणविक ऊर्जा केन्द्रमा आक्रमण गर्नमहुने बताएको छ । साथै उसले आणविक हतियारको धम्की वा प्रयोगको विरोध गर्दै आणविक सङ्कट निम्तिन नदिनेमा सबै चनाखो हुनुपर्ने बताएको छ । एजेन्सी

## वन्यजन्तु अपराधमा नब्बे हजार पक्राउ

**बेइजिङ**/चिनियाँ प्रहरीले वन्यजुन्तु अपराधमा संलग्न भएको अभियोगमा ९० हजार जनालाई पक्राउ गरेको छ । एक जना सार्वजनिक सुरक्षा अधिकारीका अनुसार प्रहरीले सन् २०२० देखि २०२२ सम्म वन्यजन्तुसँग सम्बन्धित ७० हजारभन्दा बढी आपराधिक मुद्दाको अनुसन्धान गरेको छ भने सोही अवधिमा ९० हजार जनालाई सोही प्रकृतिको अपराधमा पक्राउ गरिएको हो ।

बितेका तीन वर्षमा १३ लाख सात हजार वन्यजन्तु तथा एक लाख ८० हजार किलोग्राम वन्यजन्तुजन्य वस्तु बरामद भएका सार्वजनिक सुरक्षा मन्त्रालयअन्तर्गतको खाद्य तथा लागूऔषध अपराध अनुसन्धान विभागका प्रमुख ल्यु बुकिनले शुक्रबार यहाँ आयोजित पत्रकार सम्मेलनमा बताए ।

उक्त अवधिमा मन्त्रालयको अनुसन्धानमा रहेका सबै एक सय ५० मुद्दा निरुपण गरिएको जानकारी उनले दिए । यो “वन्यजन्तुसम्बन्धी अपराध अन्त्य गर्न दुई वर्षअघि देशव्यापीरूपमा थालिएको अभियानको परिणामको हो,” उनले सञ्चारकर्मी माझ भने । अभियानअन्तर्गत राष्ट्रिय निकुञ्ज, चिडियाखाना, सर्कस, पशुपालन र प्रचार क्षेत्रलाई लक्ष्य गरी अनुसन्धान गरिएको तथा त्यस क्रममा गैरकानुनीरूपमा पालिएका एक लाख २० हजारभन्दा बढी वन्यजन्तुलाई मुक्त गरिएको विभागले जनाएको छ । एजेन्सी

## हिमपहिरोमा परी चार जनाको मृत्यु

**अफगानिस्तान**/अफगानिस्तानको उत्तरी क्षेत्रमा हिमपहिरोमा परी चार जनाको मृत्यु भएको छ । उत्तरी बदख्सान प्रान्तको अर्घान्जख्वा जिल्लाको एउटा गाउँमा हिमपहिरोमा परी उनीहरूको ज्यान गएको सूचना तथा संस्कृतिसम्बन्धी प्रान्तीय निर्देशक कारी माजुदिन अहमदीले जानकारी दिएका छन् ।

टाकअर्चा गाउँमा शुक्रबार राति हिमपहिरो आएको र त्यसमा चार जनाको मृत्युभएको जानकारी अधिकारीले दिए पनि घटनाबारे विस्तृत विवरण दिएका छैनन् । गत साता पनि सोही प्रान्तको कोफाब जिल्लामा हिमपहिरोमा परी चार जनाको मृत्यु भएको थियो भने ३० वटा घर ध्वस्त भएका थिए ।

त्यसअघि पहाडी क्षेत्र बदख्सानमा हिमपहिरोमा परी ३६ जनाभन्दा बढीको मृत्यु भएको थियो । दर्जनौं आवासीय भवन पनि ध्वस्त भएका थिए । निरन्तरको हिमपात, कठ्याङ्ग्रिने ठण्डी, बाढी पहिरोमा परी अघिल्लो महिना महिला र बालबालिकासहित दुई सय जनाले ज्यान गुमाएका थिए । एजेन्सी

# दुई योग अगुवाको सम्झना




**राजविराज**/एकै थलोमा दुई योग साधक तथा अगुवाको तस्बिरमा माल्यार्पण गरी शनिबार राजविराजस्थित जेसीज भवनमा श्रद्धाञ्जली सभाको आयोजना गरिएको छ ।

राजविराज ६ निवासी स्व. अमित साह तथा सिरहाको लहान निवासी स्व. पल्टीदेखी चौधरीको तस्बिरमा माल्यार्पण गरी श्रद्धाञ्जली सभाको आयोजना गरिएको हो ।

पतञ्जली योग समिति सप्तरीद्वारा आयोजित उक्त श्रद्धाञ्जली सभामा समितिका पदाधिकारी, योगसाधकका साथै सर्वसाधारणको उल्लेख्य सहभागिता थियो ।

राजविराज ६ निवासी ४० वर्षिय अमित र लाहान निवासी ७८ वर्षिया पल्टीदेवीको ५ दिन अघि निधन भएको थियो । अमित पतञ्जली योग समिति मधेश प्रदेशका सचिव (मन्त्री) र पल्टीदेवी योग साधक थिए ।

समितिका अध्यक्ष रामस्वरुप चौधरीको अध्यक्षतामा आयोजित श्रद्धाञ्जली सभामा योग प्रशिक्षक बद्रिराज भण्डारी, किसुनदेव यादव, नागेश्वर साह, शशि चौधरी, किशोर साह, जवाहर प्रसाद साह, खेलकुद पत्रकार मञ्चका अध्यक्ष मनोज कुमार माझी लगायतले श्रद्धाञ्जली अर्पण गर्दै उनीहरुको योगदान बारे चर्चा गरेका थिए ।

# झगडामा दुई जना घाइते

**राजविराज**/सप्तरीको छुट्टाछुट्टै स्थानमा वादविवाद पश्चात् भएको झगडामा दुई जना घाइते भएका छन् ।

घाइते हुनेमा राजबिराज नगरपालिका १० कमलपुर बस्ने मो. वाजिवको श्रीमती ४५ वर्षिय रबिजन खातुन रहेकी छिन् ।

स्थानिय २८ वर्षिय मो.समसुलले जग्गा जमिनको बिषयलाई विवादपछि कुटपिट गर्दा रबिजन खातुनको मुखमा चोट लागेको छ । उनको गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा उपचार भईरहेको र अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

यस्तै जिल्लाको विष्णुपुर गाउँपालिका ५ कटी टोल बस्ने ४० वर्षिय जितन साह र उनका दाजु ५० वर्षिय वैजनाथ साह विच घरायसी विवादका कारण झगडा भएको हो ।

सो झगडामा जितन साहको दुवै हात र शरिरमा चोट लागेपछि गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचार भईरहेको र अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

यसैगरि जिल्लाको कंचनरुप नगरपालिका ८ कंचनपुरमा विवाहका लागि लगाइएको टेन्टमा बत्ति नलगाएको विषयमा विवाद भएको छ ।

स्थानिय प्रदिप साहको छोरीको विवाहमा बिशाल टेन्ट हाउँसको सञ्चालक स्थानिय बब्लु साहले सजाएको टेन्टमा रोड लाइट बत्ति नहालेको विषयमा बादबिवाद हुदा लाहानबाट आएको दुल्हा बोकेको कारको अगाडिको सिसामा टेन्ट सञ्चालकको छोरा बिशाल साहले हान्दा सिसाचर्की क्षति भएको प्रहरीले जनाएको छ । प्रहरीले उक्त झगडामा संलग्न पाँच जनालाई पक्राउ गरेको छ ।

# मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा दुई जना घाइते

**राजविराज**/सप्तरीको शम्भुनाथ १ गोविन्द चौकस्थित राजमार्गमा मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालक र पछाडी सवार व्यक्ति घाइते भएका छन् ।

पश्चिमबाट पुर्व तर्फ जादै गरेको स१प५ ८०५९ नं. को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुदा मोटरसाइकल चालक जिल्लाको अग्निसाईर कृष्णसावरण ३ बस्ने ७५ वर्षिय मुखिलाल चौधरी र पछाडी सवार ४५ वर्षिय उपेन्द्र प्रसाद चौधरी घाइते भएका हुन् ।

उनको दाहिने हात र खुट्टामा चोट लागेको छ भने पछाडी सवार सोही वडाका उपेन्द्र प्रसाद चौधरीको टाउको, पाखुरा र अनुहारमा चोट लागेको प्रहरीले जनाएको छ ।

दुबै जनाको अवस्था सामान्य रहेको र युनिक अस्पताल रुपनीमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# सत्ता गठबन्धनलाई निरन्तरता दिने एमालेको निर्णय

**काठमाडौं**/नेकपा (एमाले)ले राष्ट्रपतिको निर्वाचनसम्मका लागि अहिलेकै सत्ता गठबन्धनलाई निरन्तरता दिने निर्णय गरेको छ ।

फागुन २५ गते भएकाले उक्त समयसम्म अहिलेकै सत्ता गठबन्धनलाई निरन्तरता दिने निर्णय गरेको एमाले प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।

उनले पुस १० गते भएको सहमति अनुसार राष्ट्रपति चयनको मिति तोकिएकाले त्यो बेलासम्म यही गठबन्धनलाई निरन्तरता दिने बताए ।

गत पुस १० गते नेकपा (माओवादी केन्द्र)सहित सत्तारुढ दलसँगको छलफलमा एमालेले राष्ट्रपति पाउने सहमति भएअनुसार नै एमालेले पार्टीका उपाध्यक्ष सुवासचन्द्र नेम्वाङलाई राष्ट्रपतिको उम्मेदवार बनाएको बताए ।

# जसपा सांसद रहमानको हृदयघातका कारण निधन

**भक्तपुर**/जनता समाजवादी पार्टी(जसपा)का सांसद सहनाज रहमानको हृदयघातका कारण निधन भएको छ ।

शनिबार जसपा नेपाल गैरभौगोलिक विशेष प्रदेश समिति, बौद्धिक पेसाकर्मी समितिले आयोजना गरेको होली मिलन तथा वनभोज र परिचयात्मक कार्यक्रममा भद्रपुर नगरपालिका-६ स्थायी घर भई हाल मध्यबानेश्वर काठमाडौं बस्ने ६४ वर्षीय रहमान वनभोजस्थलमै मेचबाट एक्कासी ढलेर बेहोस भएपछि उपचारका लागि मध्यपुर अस्पताल ठिमीमा लगिएकामा अस्पतालका चिकित्सकले सांसद रहमानको मृत्यु भएको घोषणा गरेको थियो ।

जसपाकी केन्द्रीय सदस्यसमेत रहेकी समानुपातिक प्रणालीतर्फबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित रहमान मुस्लिम समुदायको प्रतिनिधित्व गर्दै सांसद भएकी थिइन् ।

# कर्मचारी संगठन सप्तरीको पाँचौ जिल्ला अधिवेशन सम्पन्न




**राजविराज**/नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती सप्तरीको पाँचौ जिल्ला अधिवेशन शनिबार राजविराजमा सम्पन्न भएको छ ।

संगठनका केन्द्रिय अध्यक्ष हरिबहादुर रावलले अगामी दिनमा कर्मचारी हक, हितमा नीतिगत निर्णय गरेर जानुको विकल्प नरहेको बताएका छन् । उनले निजामती कर्मचारीको पुराना ऐन, नियम परिमार्जन गरेर गए मात्र कर्मचारीको हितमा हुने बताए ।

उनले संघिय निजामति कानुन बनाउने विषयमा सरकारले गृहकार्य गरिरहेको जानकारी दिए । अध्यक्ष रावलले पार्टी र संगठन बनाउन सबैले नयाँ शिराबाट अगाडी बढ्नु पर्ने बताउँदै भावनागत रुपमा एकतागरि अगाडी बढ्नु पर्ने उल्लेख गरे ।

संगठनका फुयाक्सन ईन्चार्ज गौरी प्रसाद सिंहले मुलुक संकटग्रस्त अवस्थाबाट गुज्रिरहेकोले यस तर्फ सबैको ध्यान पुग्नु पर्नेमा जोड दिदै संगठन जनताप्रति उत्तरदायित्व भएर काम गर्नु पर्ने बताए । कर्मचारीमा नोकरशाही प्रवृति बढेर गएकोमा उनले चिन्ता व्यक्त गर्दै संगठन नयाँ विचार, नीति, सिद्दान्त लिएर स्थापना भएको भन्दै जनता र मुलुक लुट्ने नभएको जिकिर गरे ।

नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती सप्तरीका अध्यक्ष छोटेलाल यादवको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा नेकपा (माओवादी केन्द्र)का केन्द्रिय सदस्यद्वय सुर्यनाथ यादव, उमेश यादव, वैकल्पिक केन्द्रिय सदस्य अरुण साह, संगठनका उपाध्यक्ष उमेश प्रसाद यादव, मधेश प्रदेश सभा सदस्य माला कर्ण, डा.सुर्य प्रसाद यादव, सेवा निवृत कर्मचारी संगठनका केन्द्रिय सदस्य अभिनास सिह, ट्रेड युनियन सप्तरीका अध्यक्ष अजय कुमार झा, संगठनका मधेस प्रदेशका अध्यक्ष विनोद कुमार चौधरी, कर्मचारी युनियन सप्तरीका अध्यक्ष सुर्यकान्त झा, प्रमोद कुमार यादव, संगठनका धनुषा अध्यक्ष मुनेश्वर यादव, मनोज यादव लगायत अधिवेशन सफलताको शुभकामना व्यक्त गरेका थिए ।

# नेताहरूले गरेको सहमति र प्रतिबद्धताप्रति विश्वास हराउँदै गएको छ : मन्त्रि लेखी




**राजविराज**/मधेस प्रदेशका कानून न्याय तथा प्रदेश मामिला मन्त्री राजकुमार लेखीले दलहरु र नेताहरूले गरेको सहमति र प्रतिबद्धताप्रति आमजनतामा विश्वास हराउँदै गएको बताएका छन् ।

शनिबार राजविराजमा आयोजित अनेम संघको जिल्ला अधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

मुलुकलाई बिर्सेर आफ्नो मात्र लाभ हेर्नेहरूको देखासिखी एमालेले नगर्ने भन्नुहुँदै उनले एमाले सहमति तोड्ने, प्रतिबद्धता बिर्सिने, दलबदल गर्ने, केही प्राप्तिका लागि मरिहत्ते गर्ने र बाँडीचुँडी खाने पार्टी नभएको बताए ।

कार्यक्रममा एमाले जिल्ला उपाध्यक्ष अब्दुलमजिद साकिर, सचिव देवनाथ यादव, जनसंगठन समन्वय संयन्त्र प्रमुख दुर्गानन्द ठाकुर, अनेम संघकी केन्द्रीय सदस्य पार्वती राउतले ग्रासरुट अभियानले पार्टीलाई सुदृढ र पहिलो पार्टी बनाउन योगदान पुऱ्याउने भएकाले सबैको सक्रिय सहभागितामा जोड दिए ।

अनेम संघ सप्तरीका अध्यक्ष मिन्टु चौधरीको अध्यक्षता र शर्मिला खडकाद्वारा सञ्चालित कार्यक्रमको प्रमुख आतिथ्यता अनेम संघकी केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज असरा चौधरीले गरेकी थिइन् । कार्यक्रममा एमालेबाट स्थानीयतहमा निर्वाचित उपप्रमुखसहित महिला जनप्रतिनिधिहरुलाई सम्मान गरिएको थियो ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : श्रीमती सुमित्रा गुप्ता, सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सह-सम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : saptahiknavin@gmail.com, वेबसाइट : rajbirajdainik.com.np